**नेपाल सरकार**

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

**लाजिम्पाट, काठमाण्डौं**

**मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) को प्रयोजनको लागि लामो समयसम्म मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदाताहरुको नाममा जारी गरिएको अत्यन्त जरुरी सूचना ।**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) मा लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरी त्यस्तो करदाताको कर कट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्बन गर्न सकिने व्यवस्था छ। उक्त व्यवस्थाका सम्बन्धमा सबै करदाता महानुभावहरुलाई विदितै छ । यस विभाग अन्तर्गतका विभिन्न कार्यालयको कार्यक्षेत्र अन्तर्गत मूल्य अभिवृद्धि करमा दर्ता भइ कारोबार गरिरहेका कतिपय करदाताहरुले छ महिना वा सो भन्दा बढी अवधिसम्म कर विवरण पेश नगरी कारोबार गरिरहेको पाइएकोले उल्लिखित करदाताहरुको नाम नामेसी यस विभागको Web-Site www.ird.gov.np मा राखिएको छ । सो Web-Site मा प्रकाशित सूचनामा उल्लिखित करदाताहरुले आफ्नो व्यवसाय दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क राखी यो सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कर विवरण पेश गरी आफ्नो कारोबार नियमित गर्न हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । अन्यथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) बमोजिम उल्लिखित करदाताहरुको दर्ता निलम्बन गरी मूल्य अभिवृद्धि कर कट्टि रोक्का राखिने व्यहोरा समेत जानकारी गराइन्छ ।